प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)

सानोठिमी,भक्तपुर

## सीप परीक्षण मूल्यांकनकर्ता तालीम ( Skill Test Assessor Training )
## सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०१/२१**

राष्ट्रिय सीप परीक्षण समिति **(NSTB)** र प्राबिधिक प्रशिक्षण प्रतिष्ठान **(TITI)** संगको संयुक्त साझेदारीमा नेपाली नागरिकहरुका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठान सानोठिमी,भक्तपुरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS-PII) परियोजनाको सहयोगमा सीप परीक्षण मूल्यांकनकर्ता तालीम (Skill Test Assessor Training ) सञ्चालन हुने भएकाले तपसिलमा उल्लेख भए वमोजिमको शैक्षिक योग्यत्ता, सीप प्रमाण पत्र, कार्य अनुभव पत्र र नेपाली नागरिकता प्रमाण पत्र संलग्न गरी Online फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ( मिति २०८१/०२/०५ गते राति १२ बजे सम्म ) Online फाराम भरी सक्नुपर्नेछ। म्याद नाघि भरेको र रितपुर्वक कागजात पेश नभएको फाराम स्वतः रद्ध हुनेछ । विस्तृत जानकारीका लागि प्रतिष्ठानको वेबसाइट www.titi.org.np वा राष्ट्रिय सीप परीक्षण समितिको वेबसाइट www.nstb.org.np मा हेर्न हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यकारी निर्देशक

प्राविधिक प्रशिक्षण प्रतिष्ठान

## १. सीप परीक्षण मूल्यांकनकर्ता तालिम सञ्चालन हुने (SECTOR, OCCUPATION) क्षेत्र,व्यवसाय र कोटा संख्या

| क.सं. | SECTOR (OCCUPATION) व्यवसायहरु | तालीमका लागि योग्यत्ता (शैक्षिक योग्यत्ता,सीप प्रमाण पत्र, अनुभव पत्र र नागरिकता प्रमाण पत्र) | समुह १ ,कोटा | क.सं. | SECTOR (OCCUPATION) व्यवसायहरु | तालीमका लागि योग्यत्ता (शैक्षिक योग्यत्ता,सीप प्रमाण पत्र, अनुभव पत्र र नागरिकता प्रमाण पत्र) | समुह २, कोटा |
|---|---|---|---|---|---|---|---|
| १ | Hospitality | Diploma in Hotel Management | १ | ६ | Handicraft | Bamboo furniture Maker cum Artisan Level-2 | २ |
| | | Bachelor's in Hotel Management | १ | | | Tharu Handicraft Maker Level-1 | २ |
| | | Commis I,Level-3 | २ | | | Wood Carver Level-2 | २ |
| | | Waiter Level-2 | २ | | | | |
| | | Baker Level-1 | २ | | | Mithila Artist level-1 | २ |
| | | Care Giver level-1 | १ | | | | |
| २ | Computer | Computer Operator Level -3 | १ | ७ | Tailoring /Garment | Hand Embroiderer level-2 | १ |
| | | Computer Network Technician Level-3 | १ | | | Garment Fabricator Level-1 | १ |
| | | Computer Hardware Technician Level-2 | १ | | | | |
| ३ | Mechanical Engineering | Diploma in Mechanical Engineering | २ | ८ | Textile | Carpet Weaver Level-2 | २ |
| | | Ref & AC Mechanic Level-2 | २ | | | Dhaka Weaver Level-2 | २ |
| ४ | Human Service | Barber Level-1 | २ | ९ | Health | Optical Dispenser Level-1 | २ |
| ५ | Automobile Engineering | Motorcycle Mechanic Level-2, | १ | १० | Electronics | Cell/ Mobile Phone Repair Technician Level-2 | २ |
| | | Diploma in Automobile Engineering | १ | ११ | Security Service | Security Head Guard Level-2 | २ |
| जम्मा संख्या | | | २० | | | | २० |

२.**तालिमको लागि आवश्यक न्यूनतम योग्यता**

- राष्ट्रिय सीप परीक्षण समितिको सम्बन्धित पेशा/व्यावसायमा तोकिए वमोजिमको सीप तह उत्तिर्ण गरी कम्तीमा एस.एल.सी/एस.ई.ई.उत्तीण
- औपचारिक अध्ययन अध्यापन हुने संकायमा कम्तिमा प्राबिधिक एस.एल.सी वा प्रि-डिप्लोमा उत्तिर्ण गरि सम्बन्धित पेशा वा व्यावसायमा कम्तीमा ३ (तिन) बर्ष कार्य अनुभव भएको ।
- एस.एल.सी/एस.ई.ई.उर्त्तीण गरी औपचारिक अध्ययन अध्यापन नहुने वा राष्ट्रिय सीप परीक्षण समितिको तह २ (दुई) नभएको पेशा व्यवसायमा राष्ट्रिय सीप परीक्षण समितिको तह १ (एक) उत्तिर्ण गरेको ।

३.**छनौटका आधारहरु** :सम्वन्धित व्यावसायको सीप परीक्षण प्रमाण पत्र,शैक्षिक योग्यताको प्रमाण पत्र (लव्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र ) सम्बन्धित पेशाको कार्य अनुभव पत्र, लिङ्ग, लक्षित बर्ग, **TITI** को प्रशिक्षक प्रशिक्षण सम्बन्धि (ToT/O-ToT, IS) तालिमका प्रमाण पत्रहरुको प्रतिलिपिहरु

४.**अन लाइन फाराम साथ पेश गर्नुपर्ने कागजपत्रहरु** : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, सीप परीक्षणको प्रमाणपत्रहरुको प्रतिलिपीहरु र मान्यता प्राप्त संस्थामा सम्बन्धित क्षेत्रको कार्य अनुभवको पत्र, लक्षित बर्ग जनाउने सिफारिस पत्र र एस.एल.सी/एस.ई.ई.उर्त्तीण भएको प्रमाण पत्रहरु

५. तालीमको अवधि ५ दिन र समय बिहान ९:३० बजे देखि बेलुकी ४ :४५ बजे सम्म हुनेछ । तालीम अवधि भर पुरा समय सहभागी हुनुपर्नेछ तथा तालिम समाप्त भएपछि उत्तिर्ण सहभागीहरुलाई प्रमाण पत्र उपलव्ध गराईनेछ ।

६. तालीमको लागि छनौट भएका सहभागीको नतिजा प्रतिष्ठानको वेवसाइटमा राखिने छ साथै टेलिफोन मार्फत समेत जानकारी गराईनेछ ।

७. पेश गर्नुपर्ने प्रमाणपत्रहरु तथा कागजातहरु पेश नगरेमा वा शर्त सहितको अपूर्ण आवेदन स्वीकार्य हुने छैन ।

८. तालीम सम्पन्न गरेका सहभागीहरुलाई प्रतिष्ठानको नियमानुसार भत्ता उपलव्ध गराईनेछ ।

९. तालीमको लागि सहभागीहरुको छनौट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि प्राबिधिक प्रशिक्षण प्रतिष्ठानले गरेको निर्णय अन्तिम हुनेछ ।

१०.तोकिएको व्यवसायमा निर्धारित संख्यामा आवेदन नपरेको अवस्थामा अन्य व्यवसायका आवेदकहरुलाई समेत छनौट गरी तालीम सञ्चालन गरिनेछ ।

**नोट :** थप जानकारीका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानको फोन नं. ०१-६६३०१८७ मा सम्पर्क गर्न सकिने छ ।

आवेदन फाराम भर्दा तल दिईएको लिंक खोली राम्ररी पढेर बुझेर मात्र भर्नुहोला ।

Google Form

कार्यकारी निर्देशक
प्राविधिक प्रशिक्षण प्रतिष्ठान